बैठक नं.१४

आज मिति २०८३/०२/१७ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो।

समय : बेलुकी ६:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | [signature] |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | [signature] |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | [signature] |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | [signature] |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | [signature] |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | [signature] |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | [signature] |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

सन्दीप खनाल - का वा वडाध्यक्ष - 6

अरुण कुमार श्रेष्ठ - का वा वडाध्यक्ष - ४

रिता थारु का वा वडाध्यक्ष - १८

रिता

प्रस्ताव नं. १४.१

मिति २०८३/०१/३१ मा बसेको नगर कार्यपालिकाको तेहौं बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा।

निर्णय नं. १४.१

- पढाईसंग रोजगार कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि , २०८३ स्वीकृत गरिएको र उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भई कार्यान्यवन प्रक्रिया समेत अघि बढेको।
- वडा नं. १३ स्थित न्युरे टोल विकास संस्थालाई जग्गा खरिदका लागि अनुमति दिने गरी निर्णय लिईएको ।
- मिति २०८३/०२/१५ गते सम्मका लागि योजनाको सम्झौता गर्ने गरी म्याद थप गरिएको ।
- वडा नं. १२ र १३ को फोहोर व्यवस्थापनका लागि आवश्यक निर्णय लिईएको ।
- बुटवल उपमहानगरपालिका अन्तर्गत मोतीपुर औधोगिक क्षेत्रको "B" ब्लकका सम्बन्धमा सम्बन्धित निकायहरुमा अनुरोध गरी लेखि पठाउने गरी निर्णय लिईएको ।
- सरकारी र सार्वजनिक जग्गामा बनेका भवन संरचनाहरुको सम्बन्धमा ७ दिन भित्रमा कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने गरी सम्बन्धित वडाका वडा अध्यक्ष संयोजक रहने गरी कार्यदल गठन गरिएको ।
- बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनलको पूर्व तर्फ सवारी साधन निकासद्वार निर्माण गर्ने गरी निर्णय लिईएको ।
- लुम्बिनी बस टर्मिनल भित्रका पुराना भवन संरचना र टहराहरु हटाउने गरी निर्णय लिइएको ।

प्रस्ताव नं. १४.२
प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा ।
निर्णय नं. १४.२
बुटवल उपमहानगरपालिकाको वडा नं. १६ र सैनामैना नगरपालिकाको वडा नं. १ को सीमानामा पर्ने दानव नदी क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, मिस्कट र बालुवा) सङ्कलन, उत्खनन् तथा व्यवस्थापन गर्ने, नदी क्षेत्रमा सञ्चालन गरिने नदी नियन्त्रण, नदीको बगरमा जम्मा भएको ढुङ्गा गिट्टी बालुवा निकाल्नको लागि परिमाण यकिन गर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE)आयोजनाहरूका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन कार्यालयमा पेश भई अध्ययन तथा समीक्षा गरिसकिएको हुँदा प्रस्तुत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा आयोजनाबाट वातावरणमा पर्ने सम्भावित प्रभावहरू तथा तिनको न्यूनीकरणका उपायहरू समावेश गरिएको पाइएकाले प्रचलित वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ को अधीनमा रही देहायका शर्तहरूको पालना गर्ने गरी युनिभर्सल इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड विल्डर्स, तिलोत्तमाबाट प्राप्त दानव नदीको बुटवल उपमहानगरपालिकाको वडा नं. १६ र सैनामैना नगरपालिकाको वडा नं. १ को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णयका शर्तहरू:

१. IEE प्रतिवेदनमा उल्लेखित **वातावरणीय व्यवस्थापन योजना (EMP)** पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेछ।
२. निर्माण कार्यका क्रममा **धुलो, ध्वनि, फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रण** सम्बन्धी मापदण्डहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।
३. **नदीको प्राकृतिक बहावमा अवरोध नपर्ने** गरी मात्र संरचना निर्माण गर्नुपर्नेछ।
४. **वनस्पति तथा जैविक विविधता संरक्षण** का लागि आवश्यक उपायहरू अवलम्बन गर्नुपर्नेछ।
५. सम्भावित **बाढी, कटान तथा पहिरो जोखिम न्यूनीकरण**का उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेछ।
६. सम्बन्धित निकायबाट समय-समयमा हुने **अनुगमन तथा मूल्याङ्कन** का क्रममा दिइने निर्देशनहरू पालना गर्नुपर्नेछ।
७. नदीजन्य पदार्थ (ढुङ्गा, मिस्कट र बालुवा) सङ्कलन, उत्खनन तथा व्यवस्थापन कार्यान्वयनको क्रममा थप वातावरणीय असर देखिएमा आवश्यक **सुधारात्मक उपायहरू** तत्काल अवलम्बन गर्नुपर्नेछ।

प्रस्ताव नं. १४.३

राजस्व परामर्श समितिबाट भएका निर्णयहरु अनुमोदन सम्बन्धमा।

निर्णय नं. १४.३

क. बुटवल उपमहानगरपालिका वडा नं. ०९ स्थित लुम्बिनी बस टर्मिनल भित्र बसपार्क पार्किङ्ग शुल्क र शौचालय तथा त्यस क्षेत्रको सरसफाई बोलपत्रदाताले व्यवस्थापन गर्ने गरी आर्थिक वर्ष २०८१/०८२ र २०८२/०८३ को न्यूनतम ठेक्का अंक भ्याट सहित रु. २,५६,००,०००।- (अक्षरुपी दुई करोड छपन्न लाख मात्र) राखि आयठेक्का गरिएकोमा २०८३ असार मसान्तमा ठेक्का सम्झौता अवधि समाप्त हुने भएकाले आगामी दुई आर्थिक वर्ष २०८३/०८४ र २०८४/०८५ का लागि न्यूनतम ठेक्का अंक भ्याट सहित रु. २,८१,६०,०००।- (अक्षरुपी दुई करोड एकासी लाख साठ्ठी हजार मात्र) कायम गर्नका लागि मिति २०८३/०२/०७ मा बसेको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा उल्लेखित शर्तका अलावा बसपार्क बाहिर अन्य कुनैपनि स्थानबाट शुल्क उठाउन नपाउने गरी उल्लेखित न्यूनतम अंक स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ख. बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका हाटबजारहरुको आयठेक्काको २०८३ असार मसान्तमा ठेक्का सम्झौता अवधि समाप्त हुने भएकाले आगामी दुई आर्थिक वर्ष २०८३/०८४ र २०८४/०८५ का लागि बहाल विटौरी शुल्क र बोलपत्रदाताबाटै सम्बन्धित हाटबजार क्षेत्रको सरसफाई हुने गरी आयठेक्काको तपसिल अनुसार न्यूनतम अंक कायम गर्नका लागि मिति २०८३/०२/०७ मा बसेको

राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा देहायको न्यूनतम अंक स्वीकृत गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

तपसिल:

| क्र.स. | आयठेक्काको नाम | बजार लाग्ने दिन | ठेक्का अंक(रु.) भ्याट सहित (आ.व. २०८१/०८२ र २०८२/०८३ को) | न्यूनतम अंक(रु.) भ्याट सहित(आ.व. २०८३/०८४ र २०८४/०८५ को) | कैफियत |
|---|---|---|---|---|---|
| १ | अमरपथ हाटबजार | मंगलबार, बुधबार, शुक्रबार, शनिबार | १,२१,३४,२००।- | १,३९,४२,३८०।- | |
| २ | दीपनगर हाटबजार | सोमबार, बिहीबार | २३,०१,१५०।- | २५,२५,२६५।- | |
| ३ | देवीनगर हाटबजार | मंगलबार, शुक्रबार | १३,४५,५००।- | १४,८०,०५०।- | |
| ४ | मोतीपुर रानीगंज हाटबजार | आइतबार, बुधबार | ७,२६,८००।- | ७,६३१,४०।- | |
| ५ | सेमलार हाटबजार | शुक्रबार | १,८५,११०।- | १,९०,५००।- | |
| ६ | नयागाउँ हाटबजार | आइतबार, बिहीबार | १०,९८,२५०।- | ११,५३,२००।- | |
| ७ | दुर्गानगर हाटबजार | सोमबार | ३,३१,२००।- | ३,००,०००।- | अमानतबाट चलिरहेको |

ग. बुटवल उपमहानगरपालिका क्षेत्रभित्र कवाडीजन्य सामग्री संकलन तथा निकासीको लागि आयठेक्का मार्फत न्यूनतम कबोल अंक भ्याट सहित रु. ७३,९६,३२२। (त्रीहत्तर लाख छयानब्बे हजार तीन सय बाइस मात्र) राखी अनलाइन मार्फत पटक/पटक टेण्डर आह्वान गर्दा समेत बोलपत्र पेश नभएकाले बुटवल उपमहानगरपालिकाको आय ठेक्का बन्दोवस्त गर्ने सम्बन्धी नियमावली, २०७६ परिच्छेद-३, नियम ७ को उपनियम ३ बमोजिम साविककै ठेक्का अंकमा आ.व. २०८२/०८३ र २०८३/०८४ का लागि आ.व. २०८२/०८३ भित्र कुनै व्यवसायीले लिन चाहेमा कार्यालयस्तरीय निर्णयबाट दिन सकिने गरी यस आ.व.मा पुनः टेण्डर आह्वानको सूचना प्रकाशन नगर्नका लागि मिति २०८३/०२/०७मा वसेको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको सन्दर्भमा छलफल गरियो। मिति २०८२/०५/१३, २०८२/०६/२९, २०८२/०७/१७, २०८२/०८/२९, २०८२/१०/०७, २०८२/१०/२३, २०८२/१२/२५ र २०८३/०१/२९ सम्ममा पटक/पटक गरी आठ पटक सम्म टेण्डर गर्दा समेत बोलपत्र पेश हुन नआएको हुँदा राजस्व परामर्श समितिको सिफारिस बमोजिम नै हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

घ. बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका बसपार्क र हाटबजारको व्यवस्थापन आयठेक्कामार्फत गरिने सन्दर्भमा कबोल अंकको ५ प्रतिशत थप बैंक जमानत फोहोर व्यवस्थापनका लागि पेश गर्न लगाउने र फोहोर व्यवस्थापनमा कैफियत देखिएमा उक्त जमानतवाट कट्टा हुने गरी कार्यालयबाट व्यवस्थापन गर्नका लागि मिति २०८३/०२/०७ मा बसेको राजस्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।